२०७८

कक्षा : ११ | विषय : अनिवार्य नेपाली [NEP001] | पूर्णाङ्क : ७५ | समय : ३ घण्टा

**सबै प्रश्नहरूको उत्तर दिनुहोस् :**

**१. तल दिइएको अनुच्छेदमा रेखाङ्कन गरिएका वर्णहरूलाई उच्चारण स्थान र प्रयत्नका आधारमा पहिचान गरी लेख्नुहोस् । (३)**

म लगभग गाउँनजिक आइपुगिसकेको थिएँ । चैते बतास उन्मुक्त भई छारो उडाउँदै थियो ।

**२. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् । (३)**

पृथ्वी यउटा जिवन्त ग्रह हो यसको पारीस्थितिक प्रणाली भित्र बिभिन्न उपप्रणालीहरू छन् ।

**३. रेखाङ्कन गरिएका पदहरूको पदवर्ग पहिचान गर्नुहोस् । (२)**

स्याबास ! तिमी नै प्रथम हुन्छौं भन्ने मलाई पूरा विश्वास थियो ।

**४. तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् । (२+२=४)**

**(क) दिइएको अनुच्छेदबाट दुई दुईओटा तत्सम र आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् ।**

अखबारको पङ्क्तिबाट आँखा हटाएर मैले आगन्तुकपट्टि हेरेँ । उसको हातमा एउटा सादा लिफाफा, एक पाना कागज र पुस्तक थियो ।

**(ख) दिइएका शब्दहरूलाई शब्दकोशीय क्रम मिलाई लेख्नुहोस् ।**

विकाश, क्षमा, विरोध, ज्ञान

**५. दिइएको अनुच्छेदबाट तीनओटा पारिभाषिक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् । (३)**

हिजोभन्दा आज हरेक सङ्क्रामक रोगको उपचार खोपद्वारा सम्भव हुँदै गएको छ । देशमा कुपोषणबाट मृत्यु हुने बालबालिकाहरूको तथ्याङ्क सार्वजनिक गरिएको अभिलेखबाट थाहा पाउन सकिन्छ ।

**अथवा**

**दिइएको अनुच्छेदबाट एउटा अनुकरणात्मक शब्द, एउटा उखान र एउटा टुक्का पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

हुने बिरुवाको चिल्लो पात भने झैं सबै साथीलाई मेख मार्दै परीक्षामा प्राप्त गरेको स्वप्निलको सफलताबाट उसका अभिभावक खुसीले गद्‌गद भए । अकबरी सुनलाई कसी लगाउनु पर्दैन भन्दै मेधावी विद्यार्थी स्वप्निलले सबैको नाक राखेकामा आफूलाई धेरै खुसी लागेको कुरा विद्यालयका प्रधानाध्यापकले मुसुमुसु हाँस्दै सबैलाई बताए ।

**६. कुनै दुई प्रश्नको उत्तर लेख्नुहोस् : (२+२ =४)**

**(क) तलको अनुच्छेदबाट दुईओटा उपसर्ग व्युत्पन्न र दुईओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी तिनको निर्माण प्रक्रिया देखाउनुहोस् :**

हाम्रा गाउँ तथा सहरमा प्राचीन सभ्यताका धरोहर यत्रतत्र छन् । खानपान र पहिरनमा जातीय, क्षेत्रीय र सामुदायिक विविधता छन् । यो नै विश्वमा हाम्रो अनुपम पहिचान हो । हाम्रो मूर्त र अमूर्त संस्कृतिको मिश्रण हो ।

**(ख) तलको अनुच्छेदबाट दुईओटा समस्त शब्द र दुईओटा द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नुहोस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्याउनुहोस् :**

लोकतन्त्रको मेरुदण्ड भनेकै निर्वाचन हो । नेताहरूमा ककसको जनाधार के कस्तो छ भनी प्रमाणित गर्ने मापदण्ड यही नै हो । दोबाटोमा चर्को भाषण गर्ने, जनताका घरघरमा पुगी झुटो आश्वासन दिने, जनतालाई झैझगडामा फसाइदिने, आल्तुफाल्तु कुरा गरेर समय खेर फाल्ने निर्लज्ज नेताहरूलाई निर्वाचनमार्फत वनवास पठाउन जनता कदापि चुक्दैनन् ।

**(ग) तलको अनुच्छेदबाट चारओटा सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नुहोस् :**

सूर्योदय अगाडि नै उठ्नु, दैनिक स्नान गर्नु, नित्य पूजापाठ गर्नु, आतिथ्य सत्कारमा लाग्नु ऐतिहासिक महत्त्वका विषयमा अध्ययन गर्नु असल नागरिकका मानवोचित गुण मानिन्छन् ।

**७. दिइएका प्रश्नको उत्तर दिनुहोस् । (४)**

**(क) दिइएको अनुच्छेदलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :**

मेरो भाइ विद्यालय गयो । मेरी बहिनी पनि विद्यालय गई । भाइ सरासर कक्षामा पस्यो । बहिनी चाहिँ बाटामा साथीसँग कुरा गर्न थाली ।

**(ख) दिइएको अनुच्छेदलाई एकवचन भए बहुवचन र बहुवचन भए एकवचनमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :**

मैले गाउँमा मेरो पुरानो साथीलाई भेटेँ । हामीले धेरैबेर कुरा गर्‍यौँ । साथीले आफ्नो प्रगतिको कथा सुनायो । तिमी पनि एकछिनमा आइपुग्यौ ।

**८. कुनै एक प्रश्नको उत्तर दिनुहोस् । (४)**

**(क) तलको गद्यांशबाट दुईओटा उद्देश्य र दुईओटा विधेय पद पहिचान गरी लेख्नुहोस् : २**

निकै मिहिनेती राम नियमित विद्यालय जान्छ । सधैँ अगाडिको बेन्चमा बस्ने उसले नियमित गृहकार्य पनि गर्छ । जेहनदार भएकाले उसले पुरस्कार पनि पायो । पुरस्कार पाएको खबरले उसका बाबाआमा पनि खुसी हुनुभयो।

**अथवा**

**दिइएको अनुच्छेदलाई सङ्गति मिलाई पुनर्लेखन गर्नुहोस् :**

मेरो सानो छोरा छोरी स्कुल जान्छ । मेरो छोरा छोरीले दिनरात नभनी परिश्रम गर्छ । उनीहरू भविष्यमा योग्य नागरिक बन्छ । उसले मलाई विश्वास दिलाएको छन् ।

**(ख) दिइएको वाक्यलाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गरी अनुच्छेद पुनर्लेखन गर्नुहोस् : २**

उनीहरू प्रदर्शनीमा गए । हामी चाहिँ गएनौं । तिमीहरू पनि गएनछौ नि । उनीहरूले धेरै स्थलहरूको भ्रमण गरेछन् ।

**अथवा**

**दिइएका वाक्यहरूलाई प्रत्यक्ष भए अप्रत्यक्ष र अप्रत्यक्ष भए प्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :**

(क) मन्त्रीले भने,"देशको विकास जल सम्पदाबाट मात्र सम्भव छ ।"

(ख) रमेश सामाजिक कामका लागि योग्य भएको कुरा समाजले बतायो ।

(ग) गुरुले विद्यार्थीलाई परीक्षा राम्रो गर्न भन्नु भयो ।

(घ) मैले भनें, "आज तिमी यही बस ।"

**९. दुवै प्रश्नको उत्तर दिनुहोस् । (४+४= ८)**

**(क) दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको छोटो उत्तर लेख्नुहोस् :**

विश्व स्वास्थ्य सङ्गठनको परिभाषाअनुसार राम्रो स्वास्थ्य भनेको रोग वा दुर्बलताको अभाव मात्र नभएर शारीरिक, मानसिक र सामाजिक रूपले पूर्ण तन्दुरुस्तीको अवस्था हो । जुन देशका नागरिकहरू स्वस्थ हुन्छन्, त्यस्तो देशको प्रगति द्रुततर हुन्छ । कुनै पनि देशको स्वास्थ्य स्थिति कति सबल छ भन्ने कुरा त्यहाँका नागरिकहरूमा सुर्तीजन्य पदार्थको प्रयोगको स्थिति, उच्च रक्तचाप तथा मोटोपनको स्थिति (स्वास्थ्यमा जोखिम), शुद्ध पानीको उपलब्धता, औसत आयु, कुपोषणग्रस्त जनसङ्ख्याको प्रतिशतका साथै दुर्घटना, द्वन्द्व वा प्राकृतिक विपत्ति जस्ता अन्य कारणबाट हुने मृत्युको अवस्था आदिमा निर्भर हुन्छ । यस्ता सूचकका आधारमा संसारकै सबैभन्दा राम्रो स्वास्थ्य स्थिति भएको देशको रूपमा स्पेनलाई लिइन्छ ।

लगभग १००० वर्षको इतिहास भएको चिकित्सा विज्ञान मानव सभ्यताको महत्त्वपूर्ण कान्छो उपलब्धि हो र यसको मुख्य उद्देश्य व्यक्तिको शारीरिक तथा मानसिक स्वास्थ्यलाई उच्चतम बिन्दुमा पुऱ्याउनु हो । स्वास्थ्य विज्ञानमा रोकथाम, निदान र निवारणको तीनओटा विधिमा ध्यान दिइन्छ । यी विधिमध्ये चिकित्सा विज्ञान मुख्यतया निदान र निवारणमै अल्झिएको छ । रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्न नदिनु नै उत्तम हो भन्ने उक्तिलाई कम महत्त्व दिइएको छ । अर्थात् चिकित्सा विज्ञानमा रोकथामलाई भन्दा रोग लागिसकेपछि उपचार गर्ने परिपाटीले बढी महत्त्व पाएको छ यद्यपि पछिल्लो समयमा विभिन्न किसिमको खोप, जनहितमा जारी हुने विभिन्न जनस्वास्थ्यसम्बन्धी सूचना, जानकारी, तालिम आदिको व्यवस्थाले चिकित्सा विज्ञान रोकथामको गतिविधिमा पनि तानिन थालेको छ ।

**प्रश्नहरू**

(क) स्वस्थ हुनु भनेको के हो ?

(ख) देशका नागरिकको स्वास्थ्य स्थिति कुन कुन कुरामा निर्भर हुन्छ ?

(ग) चिकित्सा विज्ञान कसरी रोकथामतिर पनि केन्द्रित हुन थालेको छ ?

(घ) चिकित्सा विज्ञानमा कुन कुराले बढी महत्त्व पाएको छ ?

**(ख) दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

मुलुकमा रहेको बेरोजगार एवम् अनुत्पादक श्रम शक्तिलाई उनीहरूको योग्यता, सिप तथा दक्षता अनुरूप अन्य विभिन्न मुलुकमा रोजगारीका लागि पठाई उनीहरूमार्फत वैदेशिक विप्रेषण आय, सिप, प्रविधि र अनुभव स्वदेशमा भित्र्याइन्छ । नेपालको अर्थव्यवस्थामा वैदेशिक रोजगारीको योगदान उल्लेखनीय रहेको छ । विगतको द्वन्द्वको समयमा अर्थतन्त्रका आन्तरिक पक्षहरू कृषि, उद्योग, व्यापार लगायतका क्षेत्रहरूमा नकारात्मक असर परेको अवस्थामा समेत वैदेशिक रोजगारीले निरन्तर टेवा पुऱ्याए तापनि दक्ष कामदार १.५ प्रतिशत, २४ प्रतिशत अर्धदक्ष र ७४.५ प्रतिशत अदक्ष जनशक्ति विदेशिने हुँदा नेपालले यसबाट पूर्ण लाभ लिन सकिरहेको छैन । नेपाली कामदारको मुख्य गन्तव्यका रूपमा कतार, मलेसिया, बहराइन, साउदी अरेविया, संयुक्त अरब इमिरेट्स र कुबेत रहेका छन् । वैदेशिक रोजगार विकासको दीर्घकालीन स्रोत होइन । मुलुकभित्रै कृषि क्षेत्रको आधुनिकीकरण एवम् व्यवसायीकरण, उद्योग क्षेत्रको विकास र बिस्तार तथा विविध स्वरोजगारीका अवसर सिर्जनामार्फत् बाध्यात्मक वैदेशिक रोजगारीको अन्त्य गरी दक्ष एवम् सिपयुक्त जनशक्तिलाई मात्र वैदेशिक रोजगारीमा परिचालन गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गरेमा नेपालले आर्थिक विकासमा वैदेशिक रोजगारीबाट अधिकतम लाभ लिन सकिन्छ ।

**प्रश्नहरू**

(क) विप्रेषण शब्दको अर्थ कुन हो ?

(अ) रेमिट्यान्स (आ) तलब (इ) रोजगारी (ई) आम्दानी

(ख) नेपालको अर्थतन्त्रका आन्तरिक पक्षहरू के के हुन् ?

(अ) व्यापार र जडीबुटी (आ) यातायात र शिक्षा (इ) स्वास्थ्य र रोजगार (ई) कृषि र उद्योग

(ग) विकासको दीर्घकालीन स्रोत के हो ?

(अ) वैदेशिक रोजगारी (आ) सुरक्षित लगानी (इ) कृषिको आधुनिकीकरण (ई) श्रम स्वीकृति

(घ) नेपाली कामदारको मुख्य गन्तव्यका रूपमा कतार, मलेसिया, बहराइन, साउदी अरेविया, संयुक्त अरब इमिरेट्स र कुबेत रहेका छन् । भन्ने वाक्यमा 'गन्तव्य' कस्तो शब्द के हो ?

(अ) उपसर्ग व्युत्पन्न (आ) प्रत्यय व्युत्पन्न (इ) समस्त शब्द (ई) द्वित्व शब्द

**१०. अनुच्छेदबाट चारओटा बुँदा टिपी एक तृतीयांशमा सारांश लेख्नुहोस् । (२+२ =४)**

वर्तमान युग विज्ञान र प्रविधिको युग हो । विज्ञानले विविध क्षेत्रमा गरेको प्रगतिले वर्तमान युग सुविधायुक्त बन्न पुगेको छ । टेलिफोनको आविष्कारले गर्दा संसारका कुना कुनामा तुरुन्तै सम्पर्क गरी दोहोरो कुराकानी गर्न सम्भव भएको छ भने रेडियो र टेलिभिजनका माध्यमबाट विश्वमा घटेका विभिन्न घटनाहरूका बारेमा घरमै बसीबसी समाचार सुन्न र हेर्न सक्ने सुविधा पुगेको छ । यसैगरी रेल, मोटर, पानी जहाज, हवाई जहाज जस्ता यातायातका साधनहरूले टाढा टाढाको गन्तव्यलाई पनि सुगमतुल्याई दिएका छन् । वैज्ञानिक क्षेत्रमा भएको आशातीत प्रगतिले गर्दा घरायसी कामदेखि लिएर कृषि, उद्योग, वाणिज्य आदि क्षेत्रमा मानवको जीवन पद्धति सुखी, सम्पन्न र सुविधायुक्त बन्न

पुगेको छ । मानिसले आर्जन गरेको अभूतपूर्व ज्ञान र निरन्तर कडा मिहिनेत तथा अनुशासनको परिणाम स्वरूप "यन्त्रमानव" आविष्कार गर्ने महत्त्वपूर्ण कार्यमा समेत सपफलता प्राप्त भएको छ ।

**११. कुनै एक प्रश्नको उत्तर दिनुहोस् । (४)**

क) तपाईंको प्रियजनको जन्मदिनमा दिने शुभकामना पत्रको नमुना तयार पार्नुहोस् ।

ख) गाउँको विकासका लागि पर्यावरणमैत्री सडक आवश्यक छ भन्ने कुरा खुलाउँदै साथीलाई चिठी लेख्नुहोस् ।

**१२.कुनै एक प्रश्नको उत्तर दिनुहोस् । (४)**

(क) आफ्नो विद्यालयमा सम्पन्न शिक्षासँग सम्बन्धित अन्तर्क्रिया कार्यक्रमलाई समेटी १५० शब्द सम्मको एउटा प्रतिवेदन तयार पार्नुहोस् ।

(ख) 'राष्ट्रनिर्माणमा युवाहरूको भूमिका' विषयमा १५० शब्दसम्मको वक्तृता तयार पार्नुहोस् ।

**१३. महिला हिंसालाई कसरी नियन्त्रण गर्न सकिएला ? १२५ शब्दसम्ममा आफ्नो प्रतिक्रिया लेख्नुहोस् । (४)**

**१४. कुनै दुई प्रश्नको उत्तर लेख्नुहोस् । (४+४ = ८)**

**(क) दिइएको कविताांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

डिगर्चामा डोब तिम्रो चिसो हिउँभित्र होला
वेत्रावती किनारभरि पौरखको चिनो होला
वीर पुर्खा ! तिमीलाई मितेरीले मात्रै बाँध्यो
सागर तरी संसारभरि वीर गोर्खा रगत बग्यो ।

**प्रश्नहरू**

(अ) माथिको कविताांशमा हाम्रा पुर्खाहरूका बारेमा के भनिएको छ ?

(आ) हाम्रा वीरपुर्खाको गौरव गाथालाई कविताांशका आधारमा वर्णन गर्नुहोस् ।

**(ख) दिइएको नाट्यांश पढी सोधिएका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

ठिक भन्नुभो बाबा । सन्तानको सुख र शिक्षाका लागि भन्दै म रातदिन खटिएँ तर मैले मेरो छोरालाई समय दिइनँ । उससँग बसेर उसको पढाइका बारेमा कुरा गरिनँ । उसका साथी को को छन् भनेर कहिल्यै सोधखोज गरिनँ । ऊ कहाँ गयो, के गर्‍यो, के खायो भनेर ख्याल गरिनँ । म त खालि मेरो व्यवसाय, बैठक आदि भन्दै दौडधुप गरिरहेँ । उसले मागे जति पैसा दिइरहेँ तर ऊ त धेरै पहिलेदेखि दुर्व्यसनको सिकार भइसकेको रहेछ र आज मैले यो दिन भोग्नुपर्‍यो ।

**प्रश्नहरू**

(अ) यस नाट्यांशमा वक्ताले आफ्ना के कस्ता कमजोरी रहेको स्विकारेका छन् ?

(आ) यस नाट्यांशमा व्यक्त समस्या कसरी समाधान गर्न सकिएला ?

**(ग) दिइएको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

विहङ्गम दृष्टिले विचार गर्दा सम्पूर्ण पृथ्वी एउटा घर हो, गृह हो । यहाँ जल, स्थल, वायु, आकाश र तेज (प्रकाश) यी पाँच तत्व (पञ्चतत्व) का बिच जलचर, स्थलचर, नभचर र सबै चराचर आफ्नो जीवन बिताउँदछन् । पृथ्वीलाई छोडेर अन्य ग्रहमा जीवात्माको अस्तित्व भेटिएको छैन । त्यसैले हामी सबैले यहीँ बाँच्नुपर्छ, यहीँ मर्नुपर्छ । यो सिवाय अरू जाने ठाउँ छैन । पृथ्वीको पारिस्थितिक प्रणालीलाई बिथोलिदियौँ भने हाम्रै अस्तित्व सङ्कटमा पर्छ । हालका दिनमा जलवायु परिवर्तनका विषयमा विशेष गरेर वायुमण्डल प्रदूषणका कारण पृथ्वी सतह अप्रत्यासित ढङ्गले तात्ने क्रमलाई लिएर विशेष चिन्ता र चासो हाम्रो सामु तेर्सिएको छ ।

**प्रश्नहरू**

(अ) पृथ्वी कसरी सबैको साझा घर हुनसक्दछ ?

(आ) पृथ्वीको तात्ने क्रमलाई रोक्न के गर्न सकिन्छ ?

**१५. कुनै एक प्रश्नको उत्तर दिनुहोस् । (८)**

(क) सत्यनिष्ठा र समतामूलक समाजको स्थापनामा योगमायाले दिएको योगदानको चर्चा गर्नुहोस् ।

(ख) 'गाउँको माया' कथामा कस्तो समाजको चित्रण गरिएको छ, समीक्षात्मक उत्तर लेख्नुहोस् ।

**१६. दिइएका मध्ये कुनै एक शीर्षकमा २५० शब्दसम्ममा नघटाई निबन्ध लेख्नुहोस् । (८)**

(क) हाम्रा पाहुना : पर्यटक

(ख) युवा र स्वरोजगार

(ग) नेपालमा अनलाइन शिक्षाको अवस्था

www.mpandeya.blogspot.com
www.youtube.com/@mpandeya